# नागरिक संरक्षण आदेश प्राप्त गर्नका लागि निर्देशनहरू

**यी मानक निर्देशनहरू सूचनात्मक उद्देश्यहरूका लागि मात्र हुन् र यिनले तपाईंको मुद्दामा कानुनी सल्लाहको काम गर्दैनन्। यदि तपाईंले स्वयम् प्रतिनिधित्व गर्नु चाहनुभयो भने तपाईं कुनै वकीलका लागि लाग्ने नियम तथा कार्यविधिहरूले बाँधिनुहुन्छ।**

## आफ्नो सिकायत/प्रस्ताव दायर गर्नुअघिको सामान्य निर्देशन

- एउटा अस्थायी वा स्थायी नागरिक संरक्षण आदेश कुनै वयस्क वा दश वर्ष वा सोभन्दा बढी उमेरको कुनै तरूणका विरुद्ध जारी गरिन्छ।
- संरक्षण आदेश भन्नाले त्यस्तो आदेश बुझिन्छ, जसले नियन्त्रित व्यक्तिलाई संरक्षित व्यक्तिसँग सम्पर्क गर्न, उत्पीडन गर्न, चोट पुऱ्याउन, अपमान गर्न, सताउन, धम्की दिन, स्पर्श गर्न, पछ्याउन, यौन आक्रमण गर्न वा दुर्व्यवहार गर्न वा परिसरमा प्रवेश गर्न वा रहन, वा संरक्षित व्यक्ति वा परिसरको निर्दिष्ट दूरीभित्र प्रवेश गर्न, वा संरक्षित व्यक्तिको स्वामित्वमा, अधिनमा, लिजमा भएको, राखेको वा नियन्त्रित गरेको कुनै पशुलाई लैजान, स्थानान्तरण गर्न, लुकाउन, हानि पुऱ्याउन, फ्याँक्न, वा हानि पुऱ्याउने धम्की दिन वा संरक्षित व्यक्तिलाई जीवन वा स्वास्थ्यप्रतिको आसन्न खतरबाट सुरक्षा गर्ने अन्य कुनै प्रावधान चलाउनबाट निषेध गर्छ।
- सिकायत/प्रस्तावको विषय रहेको क्रियाकलाप रहेको कुनै पनि काउन्टी, दुईमध्ये कुनै पक्ष बस्ने काउन्टी, वा कुनै काउन्टी जहाँ दुईमध्ये कुनै एक पक्षको रोजगार छ - मुद्दा सुनवाइ हुने स्थान उपयुक्त हुन्छ।
- नाबालक बच्चाहरूको रक्षाका लागि आदेश प्राप्त गर्न, तपाईंले डिस्ट्रिक्ट अदालतमा घरेलु सम्बन्ध मुद्दा दायर गर्नुपर्नेछ।
- अतिरिक्त जानकारीका लागि, कृपया कोलोराडो संशोधित अधिनियम §13-14-104.5, §13-14-105, §13-14-105.5 र §13-14-106 हेर्नुहोस्।
- यदि तपाईं अशक्त हुनुहुन्छ र अदालतको पहुँचका लागि युक्तिसङ्गत बन्दोबस्त आवश्यक छ भने कृपया आफ्नो स्थानीय एडिए संयोजकसँग सम्पर्क गर्नुहोस्। सम्पर्क जानकारी निम्नलिखित वेबसाइटबाट प्राप्त गर्न सकिनेछ। **http://www.courts.state.co.us/Administration/HR/ADA/Coordinator_List.cfm**

## सामान्य शब्दहरू

- वादी: कुनै व्यक्ति विरुद्ध सिकायत/प्रस्ताव दायर गर्ने व्यक्ति वा व्यवसाय।
- प्रतिवादी: त्यस्तो व्यक्ति जस विरुद्ध सिकायत/प्रस्ताव दायर गरिएको छ।
- सिकायत/प्रस्ताव: संरक्षण आदेश प्रक्रिया आधिकारिक रूपमा आरम्भ गर्ने प्रलेख।
- घरेलु हिंसा: हिंसा, पीछा, उत्पीडन, वा जबरजस्तीको कार्य, प्रयत्न, वा धम्की जो कुनै एक व्यक्तिले अर्को व्यक्तिविरुद्ध गर्छ, जो कर्तासँग हाल वा पहिले सम्बन्धित थियो, वा जोसँग कर्ता बसिरहेको थियो वा एउटै घरमा बसेका थिए, वा जोसँग कर्ता घनिष्ट सम्बन्धमा संलग्न छन् वा संलग्न थिए।
- संरक्षित व्यक्ति: व्यक्ति, व्यक्तिहरू, वा व्यवसायिक संस्था जसलाई संरक्षण आदेश प्रदान गरिएको छ।
- नियन्त्रित व्यक्ति: त्यस्तो व्यक्ति जसलाई अर्को व्यक्ति वा व्यावसायिक संस्थासँग सम्पर्क गर्नबाट टाढै रहन आदेश गरिएको छ।
- हुन सक्ने: कानुनी शब्दावलीमा "हुनसक्ने" लाई "वैकल्पिक" वा "गर्नसक्ने" परिभाषित गरिएको छ।

⌦ हुनु पर्ने: कानुनी शब्दावलीमा "हुनु पर्ने" लाई "आवश्यक" परिभाषित गरिएको छ।

**यदि तपाईंले यो जानकारी बुझ्नुहुन्न भने कृपया वकीलसँग सम्पर्क गर्नुहोस्।**

## शुल्कहरू

संरक्षण आदेश खोज्ने व्यक्तिका लागि अदालतले दायर गर्ने शुल्कहरू निर्धारण गर्न सक्नेछ। संरक्षण आदेश खोज्ने व्यक्ति घरेलु हिंसा, पीछा, यौन आक्रमण वा अवैध यौन सम्पर्कको पीडित **नभएको** स्थितिमा बाहेक $85.00 को दायर शुल्क आवश्यक हुनेछ। यदि संरक्षण आदेश खोज्ने व्यक्तिलाई दायर शुल्क भुक्तानी गर्न आवश्यक छैन भने अदालतले दायर शुल्क, प्रक्रिया-सेवा शुल्क तथा वकील शुल्कहरू स्थायी संरक्षण सुनवाइमा नियन्त्रित व्यक्तिविरुद्ध निर्धारण गर्न सक्नेछ।

तपाईंले सामना गर्न सक्ने अन्य शुल्कहरू निम्न छन्:

- ❑ प्रलेखहरूको प्रतिलिपि — $.75 प्रति पृष्ठ
- ❑ प्रमाणीकरण शुल्क — $20,00 प्रति प्रलेख
- ❑ सूचना शुल्क — भिन्न भिन्न हुन्छ (प्रक्रिया सूचकलाई भुक्तानी गर्नु पर्ने)

## फारामहरू

फाराम अनलाइन प्राप्त गर्नका लागि **www.courts.state.co.us** मा जानुहोस् र **"फारामहरू"** ट्याबमा क्लिक गर्नुहोस्। **"संरक्षण आदेशहरू"** छानेर 'पिडिएफ' वा 'वर्डमा प्याकेट/फारामहरू प्राप्त गर्न सकिनेछ। तपाईंले फाराम अनलाइन पूरा गर्न सक्नुहुनेछ वा तपाईंले प्रिन्ट गरी त्यसमा टाइप गर्न वा कालो मसीले स्पष्ट रूपमा लेख्न सक्नुहुनेछ। तपाईंलाई यी सबै वा यीमध्ये केही फारामहरू आवश्यक पर्न सक्नेछन्। कस्ता फारामहरू आफूलाई आवश्यक पर्न सक्छन् भनी निर्धारण गर्न सावधानीपूर्वक यी निर्देशनहरू पढ्नुहोस्।

- ❑ JDF 401 — घटना रुजुसूची
- ❑ JDF 402 — संरक्षण आदेशका लागि प्रमाणित सिकायत/प्रस्ताव
- ❑ JDF 404 — बच्चाहरूका सम्बन्धमा सपथपत्र
- ❑ JDF 442 — संरक्षण आदेश पञ्जीकरण गर्नका लागि जानकारी पृष्ठ

# तपाईंको मुद्दा दायर गर्ने चरणहरू

## चरण 1: उपयुक्त फारामहरू पूरा गर्नुहोस्।

आफ्नो व्यक्तिगत परिस्थितिमा आधारित रहेर कुन-कुन फारामहरू बुझाउनुपर्छ भनी निर्धारण गर्न कृपया माथि दिइएका आवश्यक फारामहरूको सूचीको सन्दर्भ लिनुहोस्।

- ❑ निर्धारित दिनहरू वा संरक्षण आदेश सुनवाइ तय गरिएको समयका लागि तथा अन्य कुनै दायर आवश्यकताहरू छन्/छैनन् भनी निर्धारण गर्नका लागि आफूले मुद्दा दायर गर्न योजना गरेको अदालतमा सम्पर्क राख्नुहोस्।

- ❑ **संरक्षण आदेशका लागि प्रामाणिक सिकायत/प्रस्ताव (JDF 402)।**
  - ❑ फाराममा भएका सम्पूर्ण आवश्यक जानकारी पूरा गर्नुहोस्।

- ❑ निर्दिष्ट बन्नुहोस् र आफूले किन संरक्षण आदेश खोजीरहनुभएको छ भनी पहिचान गर्ने पूर्ण जानकारी प्रदान गर्नुहोस्।
- ❑ यदि तपाईँ आफ्नो ठेगाना र फोन नम्बर बहसबाट बाहिर राख्न चाहनुहुन्छ भने सिकायत/प्रस्ताव को बाकस नं. 6 मा चिनो लगाउनुहोस्।
- ❑ यदि सम्भव हुन्छ भने पृष्ठ 4 मा प्रदान गरिएको स्थानमा वैकल्पिक हुलाकी ठेगाना थप गर्नुहोस्। उदाहरणहरूमा कुनै पोस्ट बक्स, परिवारको सदस्य, वा विश्वासिलो साथीको हुलाकी ठेगाना हुनसक्छ।

❑ **घटना रुजुसूची (JDF 401)।**

- ❑ आफ्नो सुनवाइको तयारी गर्न मद्दतका लागि तपाईँले यो फाराम पूरा गर्न सक्नुहुनेछ।
- ❑ तपाईँले यसलाई आफैँ राख्न सक्नुहुनेछ वा आफ्नो प्रामाणिक सिकायत/प्रस्तावसँग दायर गर्न सक्नुहुनेछ।
- ❑ **यदि तपाईँले यो फाराम दायर गर्नुभयो भने सो फाराम सामुदायिक रेकर्डको अंश बन्नेछ र अर्को पक्षलाई सिकायत/प्रस्तावको अंशका रूपमा प्रदान गरिनेछ।**

❑ **बच्चाहरूसँग सम्बन्धमा सपथपत्र (JDF 404)।**

- ❑ यदि तपाईँ बच्चाहरूका लागि अस्थायी स्याहार र नियन्त्रण, अन्तरिम निर्णय प्रक्रिया वा पालन-पोषण समय वा नाबालक बच्चाको हितका लागि संरक्षण आदेश अनुरोध गर्ने मनसाय राख्नुहुन्छ भने तपाईँले यो फाराम पूरा गर्नुपर्नेछ।
- ❑ यो सपथपत्र अदालतको क्लर्क वा नोटरी पब्लिकको उपस्थितिमा हस्ताक्षर गर्नु पर्नेछ।

❑ **संरक्षण आदेश पञ्जीकरण गर्नका लागि जानकारी पत्र (JDF 442)।**

- ❑ संरक्षण आदेशका लागि यो फाराम पूरा गर्नुहोस् र यसलाई प्रामाणिक सिकायत/प्रस्तावमा संलग्न गर्नुहोस् (JDF 402)।
- ❑ संरक्षण आदेशको कार्यान्वयनका लागि यो जानकारी पूर्ण तथा सटीक हुन जरुरी छ।

## चरण 2: तपाईँ आफ्ना कागजपत्रहरू अदालतमा दायर गर्न तयार हुनुहुन्छ।

- ❑ माथिको चरण 1 मा व्याख्या गरिए अनुसार पूरा गरिएका प्रलेखहरू अदालतलाई प्रदान गर्नुहोस्।
- ❑ यदि उक्त सिकायत/प्रस्ताव र/वा सपथ-पत्र नोटरी पब्लिकसमक्ष हस्ताक्षर गरिएको छैन भने तपाईँले उक्त सिकायत/प्रस्ताव र/वा सपथ-पत्र अदालतमा यस समयमा हस्ताक्षर गर्नुहुनेछ।

## चरण 3: अस्थायी संरक्षण आदेश सुनुवाइ।

- ❑ तयार रहनुहोस् किनकि तपाईँलाई अस्थायी संरक्षण आदेश प्राप्त गर्नका लागि तपाईँको अनुरोधबारे र लागू हुने भए, बच्चाहरूसम्बन्धी कुनै समस्याहरूबारे प्रश्नहरू सोध्न सकिनेछ।
- ❑ यदि अदालतले अस्थायी संरक्षण आदेश स्वीकृत गरेमा, तपाईँलाई उक्त आदेश उल्लेख गर्दै एउटा लिखित आदेश प्रदान गरिनेछ।
- ❑ **अस्थायी संरक्षण आदेश प्राप्त गरेपछि, तपाईँले निम्न कुरा गर्न आवश्यक छ:**
  - ❑ आदेशका प्रामाणिक प्रतिलिपहरू प्राप्त गर्ने। प्रतिलिपिहरूको सङ्ख्या तपाईँका परिस्थितिहरूमा भर पर्नेछ।
    - ❑ तपाईँलाई एक प्रति आफैँका लागि र एक प्रति नियिन्त्रित व्यक्तिलाई सूचित गर्न चाहिन्छ।
    - ❑ यदि तपाईँलाई अस्थायी स्याहार र नियन्त्रण प्रदान गरिएको थियो भने नाबालक बच्चाहरूको पालन-पोषण समय र/वा अन्तरिम निर्णय प्रक्रिया वा यदि नियन्त्रित व्यक्तिलाई नाबालक बच्चाहरूसँग सम्पर्क नगर्न आदेश

दिइएको थियो भने तपाईँलाई आफ्नो काम, बच्चाहरूको स्कूल, दिवा-स्याहार प्रदायक, आदिका लागि प्रतिलिपिहरू आवश्यक पर्नसक्छन्।

- ❑ **संरक्षण आदेश र सपथ-पत्र/सूचनाको प्रमाण-पत्रका प्रतिहरू सधैँ बोक्न सम्झिनुहोस्।**

## चरण 4: व्यक्तिगत सूचना पूरा गर्नुहोस्।

तपाईँले आफ्नो स्थायी आदेश सुनवाइअघि वा अदालतले तय गरेको आगामी सुनवाइको मितिअघि अर्को पक्षलाई नागरिक कार्यविधिको कोलोराडो नियमको नियम 4(इ) अनुसार सिकायत/प्रस्ताव, अस्थायी संरक्षण आदेश र सूचनाको सपथ-पत्र/प्रमाण-पत्रको एक-एक प्रति आफैं उपस्थित भई अर्को पक्षलाई प्रदान गर्नुपर्नेछ। सामान्यतया स्थायी आदेशको सुनवाइको मिति तपाईँको अस्थायी आदेश सुनवाइको 14 दिनभित्र तय गरिन्छ वा अदालतले पालन-पोषण समय र निर्णय प्रक्रिया जिम्मेवारीहरू सम्बोधन गर्न भविष्यको कुनै मिति तय गर्नसक्छ। **व्यक्तिगत सूचना पूरा गर्नका लागि उपयोगी सुझावहरू:**

- ❑ प्रतिवादीलाई सूचित गर्न सिकायत/प्रस्ताव, अस्थायी संरक्षण आदेश, र सूचनाको सपथ-पत्र/प्रमाण-पत्रको एक-एक प्रति सेरिफ, कुनै निजी प्रक्रियासूचक, वा तपाईँले चिनेको, यस मुद्दाको कुनै पक्ष नभएको र सूचना प्रक्रियाबारे जानकार 18 वर्ष वा सोभन्दा माथिको व्यक्तिकहाँ लिएर जानुहोस्।
- ❑ सेरिफ, निजी प्रक्रियासूचक, वा प्रलेखहरू प्रदान गर्ने व्यक्तिलाई सूचनाको सपथ-पत्र/प्रमाण-पत्रको मूल प्रति र प्रतिलिपि आफूलाई फिर्ता गर्न निर्देशित गरेको निश्चित गर्नुहोस्।
- ❑ स्थायी आदेश सुनुवाइका दिन अदालतमा **मूल** प्रतिहरू ल्याउन सम्झिनुहोस्।
- ❑ फिर्ता गरिएको सूचनाको सपथ-पत्र/प्रमाण-पत्र आफ्नो अस्थायी संरक्षण आदेशसँग सँगै बोक्नुहोस्। तपाईँले कानुन कार्यान्वयनलाई दुवै फारामहरू प्रदान गर्न आवश्यक हुनसक्छ।
- ❑ यदि व्यक्तिगत सूचना पूरा गर्न सकिँदैन भने, सूचना पूरा गर्नका लागि अन्य कदमहरू कसरी चाल्न सकिन्छ भनी निर्धारण गर्न अदालतमा सोधपुछ गर्नुहोस्।

## चरण 5: स्थायी आदेश सुनुवाइ।

जानकारीका लागि अदालतमा सोध्नुहोस् वा तपाईँको क्षेत्रमा पीडितको वकालत कार्यक्रम हुनसक्छ, जसले तपाईँलाई मद्दत गर्नसक्छ। यदि चाहनुहुन्छ भने तपाईँ साक्षीहरू बोलाउन र प्रमाण प्रस्तुत गर्न सक्नुहुन्छ। तपाईँलाई आवश्यक साक्षीहरूका लागि अदालतले सम्मनहरू जारी गर्नेछ।

- ❑ **यदि तपाईँले अस्थायी सुरक्षण आदेश प्राप्त गर्नुभएको छ भने, तपाईँले:**
  - ◆ स्थायी आदेश सुनुवाइमा वा आदेशमा तय गरिएको मिति र समयमा अदालतले तोकेको आगामी सुनुवाइ मितिमा उपस्थित हुनु पर्नेछ अन्यथा **तपाईँको अस्थायी संरक्षण आदेश स्वतः अन्त्य हुनेछ**।
  - ◆ सूचनाको सपथ-पत्र/प्रमाण-पत्रको मूल प्रति अदालतमा ल्याउनुहोस् र अदालतमा बुझाउनुहोस्।

- ❑ यदि अदालतले स्थायी संरक्षण आदेश स्वीकृत गरेमा, तपाईँलाई उक्त आदेश उल्लेख गर्दै एउटा लिखित आदेश प्रदान गरिनेछ। स्थायी संरक्षण आदेश प्राप्त गरेपछि, तपाईँले निम्न कुरा गर्न आवश्यक छ:
  - ❑ आदेशका प्रामाणिक प्रतिलिपहरू प्राप्त गर्ने। प्रतिलिपिहरूको सङ्ख्या तपाईँका परिस्थितिहरूमा भर पर्नेछ।
    - ❑ तपाईँलाई एक प्रति आफ्नै लागि र एक प्रति नियिन्त्रित पक्षलाई सूचित गर्न चाहिन्छ।
    - ❑ वा यदि नियन्त्रित व्यक्तिलाई नाबालक बच्चाहरूसँग सम्पर्क नगर्न आदेश दिइएको थियो भने, तपाईँलाई आफ्नो काम, बच्चाहरूको स्कूल, दिवास्याहार प्रदायक, आदि. का लागि प्रतिलिपिहरू आवश्यक पर्न सक्छन्।
  - ❑ यदि नियन्त्रित व्यक्ति सुनवाइमा उपस्थित छन् भने अदालतले उसलाई/उनलाई आदेश बुझाउने छ र व्यक्तिगत सूचना आवश्यक पर्ने छैन।
  - ❑ यदि नियन्त्रित व्यक्ति उपस्थित छैनन् र स्थायी संरक्षण आदेश अस्थायी संरक्षण आदेश भन्दा भिन्न छ भने, तपाईँले व्यक्तिगत सूचना पूरा गर्नु पर्नेछ। **व्यक्तिगत सूचना पूरा गर्नका लागि उपयोगी सुझावहरू:**

- ❑ प्रतिवादीलाई सूचित गर्नका लागि सिकायत/प्रस्ताव, अस्थायी संरक्षण आदेश, र सूचनाको सपथ-पत्र/प्रमाण-पत्रको एक-एक प्रति सेरिफ, कुनै निजी प्रक्रियासूचक, वा तपाईँले चिनेको, यस मुद्दाको कुनै पक्ष नभएको र सूचना-प्रक्रियाबारे जानकार 18 वर्ष वा सोभन्दा माथिको व्यक्तिकहाँ लिएर जानुहोस्।
- ❑ सेरिफ, निजी प्रक्रियासूचक, वा प्रलेखहरू प्रदान गर्ने व्यक्तिलाई सूचनाको सपथ-पत्र/प्रमाण-पत्रको प्रतिलिपि आफूलाई फिर्ता गर्ने तथा मूल प्रतिलाई सूचना प्रक्रिया सकिएपछि छिटोभन्दा छिटो अदालतमा दायर गर्न निर्देशित गरेको निश्चित गर्नुहोस्।
- ❑ यदि व्यक्तिगत सूचना पूरा गर्न सकिँदैन भने, सूचना पूरा गर्नका लागि अन्य कदमहरू कसरी चाल्न सकिन्छ भनी निर्धारण गर्न अदालतमा सोधपुछ गर्नुहोस्।

**आदेश तथा सूचनाको सपथ-पत्र/प्रमाण-पत्रको प्रतिलिपि सधैँ बोक्न सम्झिनुहोस्।**